जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १३९ पृष्ठः ४ | २०८२ असोज ०३ गते शुक्रबार (Friday 19 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा 'आफ्नो कार्यालय आफैं बनाऔं' अभियान

### 'सरकारी अड्डाहरू आत्मालोचना गर्दै सच्चिएर हिंड्न आवश्यक'



**विनय आजाद**

सिरहा, २ असोज। सिरहा प्रशासनले 'आफ्नो कार्यालय आफैं बनाऔं' अभियान थालनी गरेको छ। प्रमुख जिल्ला अधिकारी नेतृत्वको जिल्ला सुरक्षा समितिका अधिकारीहरूले बिहीबार क्षतिग्रस्त कार्यालयहरूको निरीक्षण गर्दै यो अभियानको थालनी गरेका हुन्। उनीहरूले पहिलो चरणमा खासगरी स्थानीय तहमध्येका सिरहा नगरपालिका, औरही गाउँपालिका, नवराजपुर गाउँपालिका, भगवानपुर गाउँपालिका, सुखीपुर नगरपालिका, लहान नगरपालिका लगायतको कार्यालय निरीक्षण गरे।

कुन कार्यालयमा क्षतिको अवस्था के छ, ती कार्यालय पुनः पूर्ण रूपमा शीघ्र सञ्चालन गर्न कसरी काम भइरहेको छ र कहाँ के सहयोग र सहजीकरण गर्न सकिन्छ भन्ने उद्देश्यले निरीक्षण गरिएको प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले जानकारी दिए। यस क्रममा उनले जनप्रतिनिधि तथा कार्यालय प्रमुखलगायतका कर्मचारीलाई आफ्नो कार्यालय, आफ्नो शाखा आफैं बनाउने लक्ष्यसहित अघि बढ्न आग्रह गरे। 'कसैको मुख ताक्ने होइन, हामी जुन अवस्थामा छौं, त्यहींबाट अघि बढौं,' उनले भने, 'यसलाई अभियान बुझेर काम गरौं, यस्तै बेला हो गरेर देखाउने।'

जेनजी आन्दोलनका क्रममा भदौ २४ गते सिरहामा मात्रै वडा कार्यालयसहित ४१ वटा सरकारी कार्यालयमा तोडफोड, लुटपाट र आगजनी भएको थियो। जसमा १६ वटा प्रहरी कार्यालय नै छन्। यस्तै, जिल्लाका १७ वटा स्थानीय तहमध्ये १० वटामा पूर्ण क्षति र २ वटामा आंशिक क्षति पुगेको थियो। जिल्ला प्रशासन कार्यालय, सिरहाका अनुसार जिल्लाभरिमा यसबाट एकै दिनमा एक अर्बभन्दा धेरैको क्षति भएको छ। यसरी आक्रमण परेर आंशिक क्षति भएका कार्यालय करिबकरिब पूर्ण रूपमा सञ्चालनमा आइसकेको, पूर्ण क्षति भोगेका कार्यालयले पनि आंशिक सेवा सुरु गरिसकेको र ती कार्यालय पनि चाँडै पूर्ण रूपमा सञ्चालन गर्न काम भइरहेको प्रजिअ अधिकारीले बताए।

यस्तै, निरीक्षणका क्रममा उनले अहिलेको विपद्को अवस्थालाई कसैलाई कमाउने अवसरका रूपमा नठान्न चेतावनी पनि दिए। सरकारी अड्डाहरू आत्मालोचना गर्दै अब सच्चिएर हिंड्न आवश्यक रहेको उनले बताए। 'सरकारी अड्डाहरूमा बेथिति छ, कसैले सरसामान किन्ने नाममा यसलाई

–बाँकी तीन पेजमा

## मधेश प्रदेशका जेलबाट ५० भारतीय कैदी भागे

कारागार कार्यालय गौर रौतहटबाट भागेका कैदीबन्दी आफैं सम्पर्कमा नआए तोकिएको सजायमा थप ५ वर्ष कैद सजाय हुने जिल्ला प्रहरीले सूचना निकालेको छ।

**शिव पुरी**

रौतहट, २ असोज। जेन–जी आन्दोलनका क्रममा भदौ २४ गते मधेश प्रदेका ३ जिल्लाबाट ५० जना भारतीय कैदी कारागार भागेका छन्। हत्या, हातहतियार खरखजना, डकैती, लागूऔषध, खोटा मुद्दा, अपहरण तथा शारीरिक बन्धक र जबर्जस्ती करणी मुद्दामा अदालतबाट कैद सजाय पाएकाहरू भागेका हुन्। पर्सा, सर्लाही र सिरहा कारागारबाट एक जना पनि कैदी भाग्न पाएनन्। धनुषा र बारामा भने कारागार छैन।

रौतहटको गौर कारागारबाट १७ जना भारतीय कैदी फरार भएका थिए। तीमध्ये ५ जनालाई भारतीय सीमासुरक्षा बलले पक्राउ गरी नेपाल प्रहरीलाई बुझाएको थियो। अहिले पनि १२ जना फरार रहेको कारागार प्रमुख मनिष झाले जानकारी दिए। गौर कारागारमा २९१ कैदीबन्दी थिए। तीमध्ये २६४ जना कारागारको ढोका फोरेर भागेका थिए। अहिले ८६ जनालाई प्रहरीले कारागार

–बाँकी दुई पेजमा

## विजय चौधरीको परिवारलाई सहयोग गर्ने

नगर प्रमुख महेशप्रसाद चौधरीले बिहीबार पत्रकार सम्मेलन गर्दै मृतक चौधरीको परिवारलाई खाद्यान्न सामग्रीसहित एक लाख रुपैयाँ, उनकी श्रीमतीलाई शैक्षिक योग्यताका आधारमा रोजगारी तथा चार वर्षीया छोरीलाई कक्षा १२ सम्म निःशुल्क शिक्षा प्रदान गरिने जानकारी दिए।

**विनय आजाद**

सिरहा, २ असोज। सिरहा जेन–जी आन्दोलनका क्रममा काठमाडौंमा ज्यान गुमाएका लहान नगरपालिका–१५ सिमलटोकीका २७ वर्षीय विजय चौधरीको परिवारलाई सहयोग गरिने भएको छ। लहान नगरपालिकाले मृतक चौधरीको परिवारलाई सहयोग गर्ने घोषणा गरेको हो।



नगर प्रमुख महेशप्रसाद चौधरीले बिहीबार पत्रकार सम्मेलन गर्दै मृतक चौधरीको परिवारलाई खाद्यान्न सामग्रीसहित एक लाख रुपैयाँ, उनकी श्रीमतीलाई शैक्षिक योग्यताका आधारमा रोजगारी तथा चार वर्षीया छोरीलाई कक्षा १२ सम्म निःशुल्क शिक्षा प्रदान गरिने जानकारी दिए। चौधरीको गत भदौ २३ गते काठमाडौंस्थित बानेश्वरमा प्रदर्शनका क्रममा ज्यान गएको थियो। काठमाडौंमै श्रीमती र छोरीसहित डेरा गरी बस्दै आएका चौधरी हाउसवायरिङको काम गर्दै आएका थिए।

जेन–जी आन्दोलनका क्रममा भदौ २४ गते लहान नगरपालिकामा पनि आक्रमण भएको थियो। नगरपालिकामा भएको तोडफोड, लुटपाट र आगजनीबाट ७ करोडबढीको क्षति भएको नगरपालिकाले जनाएको छ। तर, जेन–जीका नाममा राजनीतिक प्रतिशोधका आधारमा यस्तो घटना घटाइएको मेयर चौधरीको भनाइ छ। यसको छानबिन गरी संलग्नलाई कारबाहीको दायरामा ल्याउन उनले माग गरेका छन्।

–बाँकी तीन पेजमा




SNEHA AUTO ZONE
9801592518

## चाडपर्व प्रति सम्मान गरौं।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## लोकतन्त्रको चुनौती

सिरहा जिल्लामा नवपुस्ता (जेनजी) आन्दोलनका नाममा भएको तोडफोड, आगजनी र सार्वजनिक सम्पत्तिमा भएको क्षति अत्यन्त चिन्ताजनक छ। आन्दोलन वा प्रदर्शन लोकतान्त्रिक अधिकारभित्र पर्छ, तर त्यो अधिकार प्रयोग गर्दा कानुनको सीमाभित्र रहनु अनिवार्य छ। तर पछिल्ला घटनाक्रमहरूले आन्दोलनको नाममा हिंसा, ध्वंस र सार्वजनिक हितविरुद्धको गतिविधि मौलाउँदै गएको स्पष्ट देखिन्छ। जिल्ला प्रहरी कार्यालय सिराहाको विवरण अनुसार, सरकारी कार्यालय, अदालत, वन, राजस्व, यातायात तथा अन्य विभिन्न कार्यालयमाथि भएको क्षति मात्र होइन, जनप्रतिनिधि तथा मन्त्रीहरूको निजी सम्पत्तिमा समेत आगजनी तथा तोडफोड भएको छ। सिरहाका बाह्र स्थानीय तहमा ३७ भौतिक संरचना क्षतिग्रस्त हुनु, प्रहरी चौकीहरूमा तोडफोड र आगजनी हुनु, सरकारी सवारी साधनहरूमा क्षति पुग्नु यी सबै घटनाहरूले शान्तिपूर्ण विरोधको मर्यादामाथि ठूलो प्रश्न उठाउँछन्।

खासगरी लहानस्थित खाद्य व्यवस्था कम्पनीको गोदाममा रहेको चिनी र चामल नष्ट हुँदा मात्र ११ करोड रुपैयाँ बराबरको क्षति हुनु, घरेलु तथा साना उद्योग कार्यालय र लहान नगरपालिकामा करोडौंको क्षति हुनु यी सबैले जनताको करबाट सञ्चालित संरचनालाई नै सिधा आघात पुऱ्याएको छ। आन्दोलनको प्रभाव स्वरूप न केवल राज्यको सम्पत्तिमा क्षति पुग्छ, तर त्यसको दीर्घकालीन असर आम नागरिकको सेवा, सुविधा र विकासमा समेत पर्ने गर्छ। पूर्वमन्त्री लीलानाथ श्रेष्ठ र मन्त्री शत्रुधनप्रसाद सिंहका घरमा आगजनी हुनु, नगरप्रमुखहरू र वडाध्यक्षहरूको निजी सम्पत्तिमा आक्रमण हुनु, यो कुनै पनि हालतमा जायज ठहरिन सक्दैन।

सुरक्षा निकाय, प्रशासन र राजनीतिक दलहरूबीच समन्वय गरी यस्तो किसिमको हिंसा तत्काल नियन्त्रणमा ल्याउनु अहिलेको आवश्यकता हो। यस्ता आन्दोलनहरू पछाडि कसको योजनाबद्ध भूमिका छ भन्ने विषयमा गहिरो अनुसन्धान हुनु आवश्यक छ त्यस्तै, नवपुस्ता युवाहरू किन यति आक्रोशित बने, उनीहरूको वास्तविक माग के हो भन्ने कुराको पनि सुस्पष्ट विश्लेषण गरी संवादमार्फत समाधान खोज्न जरुरी छ। लोकतन्त्रमा विरोध र असहमति स्वाभाविक हो, तर त्यो हिंसात्मक रूप लिँदा लोकतन्त्र नै कमजोर बन्न सक्छ। सरकार, राजनीतिक दल, नागरिक समाज र युवापुस्ताबीच विश्वासको पुल निर्माण गरेर जिम्मेवार आन्दोलन र संवादको संस्कृति विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो। सिराहामा भएको क्षति केवल ईँटा र गिट्टीको मात्र होइन, यो हाम्रो लोकतान्त्रिक चेतनामा लागेको चोट हो जसलाई चिर्न सबै पक्षको सक्रिय, सम्वेदनशील र दूरदर्शी पहल चाहिन्छ।

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गोलबजार, सिरहा
**मधेश प्रदेश, नेपाल**

### नदीजन्य पदार्थ आन्तरिक बिक्री तथा शुल्क उठाउने सम्बन्धी सूचना ।

**दोस्रो पटक प्रकाशित मिति २०८१।०६।०२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को घ (६), मधेश प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची–६ तथा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र पहिलो संशोधन, २०७९ मा व्यवस्था भए बमोजिम आ.व. २०८२/०८३ का लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा निर्धारण भएबमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड अनुसार नदीजन्य पदार्थ उत्खनन् गरी मधेश प्रदेश आर्थिक ऐन, २०८२ मा तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का नलागेसम्मको लागि शुल्क उठाउने बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको दर्ता नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र (आ.व. २०८०/०८१ सम्मको करचुक्ता प्रमाण पत्र) र कालोसूचीमा नपरेको स्वःघोषणा पत्रसहित तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही यस नगरपालिकामा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। साथै, यस सूचनाको म्याद कम्तीमा सात दिन हुनुपर्ने प्रावधान रहेकोमा २०८२।०५।२३ र २४ गते भएको जेन–जेड आन्दोलनको कारण नगरपालिका पूर्ण रुपमा क्षति भई दैनिक प्रशासनिक कार्य हुन नसकी ढिलाइ भएको र आगामी असोज महिनाको १ गतेदेखि नै नदीजन्य पदार्थ बिक्री वितरण खुला गर्नुपर्ने भएको हुँदा ३ दिने छोटो समयावधिको यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | खोला/नदीको नाम | उत्खनन् परिमाण दैनिक (घन.मी.) | न्यूनतम रकम रु. (मु.अ.करसहित) |
|---|---|---|---|
| १ | गागन खोला | २२५ | २८,०७४।– |
| २ | मैनावती खोला | २१ | १,७५५।– |

**शर्तहरुः**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) औं दिनसम्म अर्थात् मिति २०८२।०६।०८ गते दिनको १२ बजेसम्म निवेदन दर्ता गराई राजस्व शाखामा पेश गर्नुपर्नेछ।

२. यसरी पेस भई दर्ता भएका निवेदन सोही दिन दिनको दिउँसो २:०० बजे बढी कबोलकर्तालाई स्वीकृत गरी एक हप्ता बराबरको हुने रकम अग्रीम बुझाए पश्चात् सम्झौता गरी चलनपूर्जी दिइनेछ र सो पश्चात् हप्तैपिच्छे अग्रीम रकम जम्मा गरी कम्तीमा १ (एक) महिनासम्म नदीजन्य पदार्थ बिक्री तथा संकलन गर्नुपर्नेछ। सो नबुझाए बिक्री वितरण तथा शुल्क संकलन गर्न दिइने छैन्। सोवापत नगरपालिकालाई हुने राजस्व हानी सो फर्मलाई बक्यौता असुल उपर हुने गरी कालो सूचीमा राख्न सिफारिस गरिनेछ।

३. निवेदन दिँदा आफूले कबोल गरेको रकम मूल्य अभिवृद्धि करसहित अङ्क र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

४. निवेदनकर्ताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको निवेदनलाई बदर गरिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको निवदेन उपर कुनै कारवाही हुने छैन। प्राप्त निवेदन बुले पनि कारण जनाई नजनाई आंशिक रुपमा स्वीकृत गर्ने। नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. नदीजन्य सामग्रीहरु निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सीमित रही निकाल्नु पर्नेछ। वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईने छैन। साथै IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ। साथै यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु पालना गर्नुपर्नेछ।

६. ठेक्का सम्बन्धी कुनै समस्या आइपरेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारबाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा नगरपालिकाले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हनेछ।

७. यसमा उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारित हुनेछन्।

**–प्रमुख प्रशासकीय अधिकृत**

## मधेश प्रदेशका...

ल्याइसकेको छ। केही पक्राउ परे, केही आफैं सम्पर्कमा आएका छन्। भारतीयसहित अझै १७८ जना कैदीको खोजी भइरहेको जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले बताए।

महोत्तरी कारागारबाट भागेका ३९ भारतीय कैदीमध्ये ४ जनालाई प्रहरी नियन्त्रणमा लिएको छ। ३५ जना अझै फरार रहेको महोत्तरी कारागार प्रशासनले जनाएको छ। उनीहरु बिभिन्न अपराधमा जेल सजाय पाएकाहरु हुन्। महोत्तरी कारागारमा ५७६ कैदी बन्दिहरु थिए। आन्दोलनको आडमा ५७६ जना फरार भए। प्रहरी नियन्त्रन र आफैं हाजिर भएकाहरू १९८ जना कैदी पुगेको कारागार प्रशासनले जनायो।

भागेका ५ भारतीय कैदीमध्ये ४ जना पक्राउ परेका छन्। सप्तरी कारागारबाट भागेकामध्ये ५ जना भारतीय छन्। तीमध्ये २ जनालाई नियन्त्रणमा लिइसकेको छ, ३ जना अझै फरार छन्। सप्तरी कारागारमा ३९८ कैदी मध्ये २०५ जना भागेका थिए। तीमध्ये अहिलेसम्म ८४ जना फेला पारिसकेको जिल्ला प्रहरी सप्तरीको एसपी गौतमकुमार केशीले जानकारी दिए। 'हामी अझै सम्भावित स्थानमा खोजलतास गर्दैछौं,'उनले भने,'भागेकाहरू घरमा छैनन्। जहाँ लुकेर बसेको भए पनि पक्रन्छौं।' सप्तरी प्रहरीले भुम्का कारागारबाट भागेका ९ र नखुबाट भागेका १ जनालाई पक्राउ गरेको एसपी केशीले बताए।

कारागार कार्यालय गौर रौतहटबाट भागेका कैदीबन्दी आफैं सम्पर्कमा नआए तोकिएको सजायमा थप ५ वर्ष कैद सजाय हुने जिल्ला प्रहरीले सूचना निकालेको छ। प्रहरीले यही मंगलबार सूचना प्रकाशन गर्दै भदौ २४ गते कारागारबाट फरार भएका कैदीबन्दी कतिपय सम्पर्कमा आएको र अन्य सम्पर्कमा नआएकाले नजिकको प्रहरी कार्यालय वा कारागार कार्यालय गौरमा सम्पर्कमा आउन भनेको छ। सम्पर्कमा नआई भागेकालाई कारागार ऐन २०७९ को दफा ४९ को (ग) बमोजिम तोकिएको सजायमा थप ५ वर्षसम्म कैद सजाय हुने सूचनामा उल्लेख छ।

चैत ३,२०८० चैत ३ गते परोहा नगरपालिका–९ खापचोकस्थित शिव मनी ट्रान्सफरका सञ्चालक नितेष साहलाई गोली हानेर भाग्ने क्रममा पक्राउ परेका प्रहरीले भारत बिहारस्थित चैनपुरका मुनिष भन्ने मुनिफकुमार यादव, राधा भन्ने राजकुमार पासवान र चुनुकुमार सिंह भन्ने चन्द्रभान सिंहलाई २ थान हतियार र गोलीसहित पक्राउ गरेको थियो। उनी तीनैजना आन्दोलनको आडमा कारागारको ढोका फोरेर भागेका थिए। तीमध्ये मुनिफकुमारलाई प्रहरीले सीमाक्षेत्रबाट पक्राउ गरेको छ।

# सडक मर्मतको नाममा अनियमितता

**देवराम यादव**

सप्तरी, २ असोज। सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका वडा ४ र ३ अन्तर्गत पर्ने विशाल चौकदेखि राजविराजसम्म सडक निर्माणको नाममा लाखौं रकमको अनियमितता गरेको स्थानीयले आरोप लगाएका छन्। गाउँपालिका स्तरीय योजना अन्तर्गत सञ्चालित २० लाखको योजनामा उपभोक्ता समिति र गाउँपालिकाको मिली भगतमा बजेट रकममा अनियमितता तथा दुरुपयोग गरेको स्थानीय सुरेन्द्र यादवको आरोप छ। गाउँपालिकाको बजेट समयमा उपयोग नहुँदा उक्त बाटो भएर आवतजावत गर्न ठुलो सास्ती खेप्नु परेको अग्नीसाईर कृष्णासावरन गाउँपालिका वडा ३ का पूर्व वडाध्यक्ष अरुण कुमार चौधरीले बताउनुभयो। ग्राभेल भएको बाटामा मर्मत गर्ने नाममा थप विगारेर खाल्डाखुल्डी बनाउँदा उक्त बाटो भएर संचालन हुने सिटीरिक्सा, एम्बुलेन्स लगायतका आकस्मिक सेवा सञ्चालनमा समस्या उत्पन्न भएको उहाँले बताउनुभयो।

उहाँले बाटो मर्मतको नाममा उपभोक्ता समिति र गाउँपालिकाको मिलीभगतमा अनियमित गरेको आरोप लगाउनुभयो। उहाँले मर्मतसम्भारको काम गर्नुभन्दा अगाडि सडकमा आवतजावत गर्न सहज थियो, तर जब मर्मतको नाममा ग्राभेल खनेर माटो लगाइयो, त्यसपछि सडकमा हिँड्नै नसक्ने गरि समस्या आएको बताउनुहुँदै पैसा कमाउने नियतले स्टिमेट अनुसार काम नहुँदा यस सडक भएर आवत जावतमा सास्ती खेप्न बाध्य छन्।

पूर्व वडाध्यक्ष चौधरीले २० लाखको मर्मत सम्भारको कार्यमा २० प्रतिशत भन्दा कम काम गरि बजेट बाँडफाँड गरेको दावी गर्दै सडक मर्मत सम्भारको कार्यमा ५ लाख भन्दा कमै खर्च भएको आरोप लगाउनुभयो। स्थानीय बद्री चौधरीले जेसीबीबाट छेउको माटो खनेर खाल्डाखुल्डी पुरेको कारण उपभोक्ता समितिले सडक बनाउनुभन्दा विगारेको गुनासो गर्नुभयो। उहाँले कामै नगरी २० लाख रुपियाँ भुक्तानी लिएकोले छानवीन गरि कारबाही गर्नुपर्नेमा बताउनुभयो।

सिटिरिक्सा चालक गुग्ली रजकले सडकको ठाउँ–ठाउँमा खाल्डाखुल्डी भई हिलाम्मे हुँदा ठुलो सास्ती खेप्नुपरेको बताउनुभयो। त्यस्तै अर्का सिटी चालक खेलानन्द चौधरीले बाटो विग्रिएकाले बाटोको कारण आम्दानी ठप्प भएको बताउनुभयो। उहाँले कमाई नहुँदा सिटी किन्न लिएको ऋणको किस्ता बुझाउन समेत नसकेको दुखेसो पोख्नुभयो। बाटो राम्रो हुँदा दैनिक १ हजार ५ सय देखि ३ हजारसम्म कामाउने गरेकोमा बाटोमा सिटी चलाउन नपाउँदा आम्दानी नै रोकिएको अर्का सिटी चालक रामविलाश साहको गुनासो छन। साविक हरिहरपुर गाविसका अध्यक्ष बद्री नारायण चौधरीले योजनाबाट कमाउने नियतले खोलाको बालुवा ग्राभेलमाथि लगाएकाले बाटोको यस्तो दुर्दशा भएको बताउनुभयो।

उहाँले 'ग्राभेल त पहिलेदेखि नै थियो तर किन त्यसमाथि बालुवा लगाउनु पर्‍यो, 'यसमा उपभोक्ता समितिको राम्रो नियत देखिएन, चरम भ्रष्टाचार भएको छ, छानबिन गरि बजेट असुल उपर गरि पुनर्निर्माण गर्नु पर्ने बताउनुभयो। स्थानीय विनोद कुमार चौधरीले गाउँपालिकामा भ्रष्टाचारले सिमा नाघेको भन्दै त्यसैको एउटा उदाहरण यो सडक मर्मतको काम भएको बताउनु भयो। बीस लाखको काममा १५ लाख भ्रष्टाचार हुनु दुर्भाग्य भएको बताउँदै उहाँले सबैमिलेर भ्रष्टाचार रोक्न खबरदारी गर्नुपर्नेमा जोड दिनु भयो।

सडक मर्मत सम्भार उपभोक्ता समितिका अध्यक्ष परशुराम ठाकुरले स्टिमेट भन्दा बढी काम गरेको दावी गरेका छन्। बर्षा महिनामा सडकमा खाल्डाखुल्डी भइ हिडडुल गर्न तथा सवारी साधन चलाउन समस्या भएको स्वीकार गर्दै उहाँले खाल्डाखुल्डी पुर्ने काम छिटै गर्ने बताउनुभयो।

# रौतहटमा सुशासन प्रवर्द्धन र नियन्त्रणका लागि १९ बुँदे निर्णय

रौतहट, २ असोज। जिल्ला प्रशासन कार्यालय रौतहटले सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि १९ बुँदे निर्णय गरेको छ। बिहीबार प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्काको अध्यक्षतामा जिल्लास्थित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको उपस्थितिमा बसेको बैठकले सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि १९ बुँदे निर्णय गरेको हो। बैठकले सुशासनमा हाम्रो प्रतिबद्धता, भ्रष्टाचार विरुद्ध हाम्रो कटिबद्धता अभियानलाई प्रभावकारी बनाउन विभिन्न ठोस कदम चाल्ने सहमति गरेको छ।

अबदेखि कार्यालय बाहिर वा जिल्लाबाहिर काम गर्ने क्रममा सरकारी इन्धन, सवारी साधन वा अन्य सुविधा व्यक्तिगत प्रयोजनमा प्रयोग गर्न पाइने छैन। व्यक्तिगत प्रयोजनका लागि खर्च भएको बिल बुझाइने र भुक्तानी गरिने प्रथालाई पूर्णरूपमा रोक लगाइएको छ।त्यस्तै हरेक कार्यालयले मासिक, त्रैमासिक र वार्षिक आय–व्यय विवरण अनिवार्य रूपमा वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ। सबै पालिकाले अघिल्लो वर्षको आय–व्यय विवरण, चालु वर्षको बजेट विवरण र खर्चको स्थिति समेत सार्वजनिक गर्ने व्यवस्था गरिएको छ। आर्थिक प्रशासन, योजना, शिक्षा, स्वास्थ्यलगायतका शाखाहरूले आ–आफ्ना आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउनुपर्ने निर्णय बैठकले गरेको छ ।

कुनै पनि आयोजना वा योजनामा हुने खर्च, कर, दस्तुर, दान, अनुदान वा अन्य आर्थिक सहायता सम्बन्धी विवरण समयमै सार्वजनिक नगरेसम्म कुनै पनि भुक्तानी वा निकासा नहुने चेतावनीसमेत दिइएको छ। योजना, प्रशासन र लेखा शाखाका प्रमुखहरूले पाउने भत्ता, सुविधा वा आर्थिक सहायता अब कार्यसम्पादनसँग प्रत्यक्ष जोडिने गरी निर्धारण गरिने भएको छ। नागरिकलाई सजिलो हुने गरी प्रत्येक तहका कार्यालय प्रमुखले पारदर्शी ढंगले विवरण सार्वजनिक गर्नुपर्ने र सेवाग्राहीलाई गुणस्तरीय सेवा उपलब्ध गराउनुपर्ने प्रतिबद्धता समेत गरिएको छ।

यससँगै सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रण अभियानलाई अझ प्रभावकारी बनाउन जिल्ला स्तरदेखि पालिका तहसम्म निगरानी समिति गठन गर्ने सहमति समेत भएको छ। बैठकमा सीडीओ खड्कासँगै नेपाल प्रहरीका प्रहरी उपरीक्षक(एसपी) नेत्र मणि गिरी, सशस्त्र प्रहरीका एसपी रामहरी अधिकारी, जिल्लाका १८ वटै स्थानीयतहका प्रमुख प्रशासकीय अधिकृतलगायतको सहभागिता रहेको थियो।

# आन्दोलनको असर : दुर्गा पूजाका लागि स्रोत जुटाउन सकस

**नवीन प्रियदर्शी**

जनकपुरधाम, २ असोज। तराई–मधेसमा प्रत्येक वर्ष नवरात्रि अवधिभर विभिन्न शक्तिपीठ, चोक–बजारमा विभिन्न क्लब तथा संघ–संस्थाले समिति बनाएर दुर्गा पूजा समारोह आयोजना गर्दै आएका थिए। यो पटक जेनजी आन्दोलनबाट सर्वत्र जनधनको क्षति भएका कारण दुर्गा पूजाका लागि स्रोत जुटाउन सकस भइरहेको सरोकारवाला बताउँछन्। दुर्गा पूजाका लागि व्यवसायी, स्थानीयवासी लगायतसँग चन्दा उठाएर नवरात्रिभर पूजा–पाठ, मेला, मनोरञ्जनात्मक कार्यक्रम आयोजना हुँदै आएको थियो। जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिमा यस्ता कार्यक्रम गर्ने कि नगर्ने भन्नेमा समेत अन्योल भएको आयोजक समितिका पदाधिकारीहरू बताउँछन्।



शक्तिपीठहरू र दुर्गा पूजास्थलहरूमा श्रद्धालु, समिति तथा स्थानीय युवाहरू आवश्यक तयारीमा जुटेका छन्। तर देशभर चलेको आन्दोलन र त्यसपछिको आर्थिक संकटले यस वर्षको दसैँ उत्सवमा ठूलो असर पार्ने संकेत देखिएको छ। महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर लगायतका पूजास्थलहरूमा बर्सेनि भव्य रूपमा दुर्गा पूजा महोत्सव आयोजना हुँदै आएको थियो। यस पटक आर्थिक संकट र आन्दोलनपछिको परिस्थितिले अन्योल थपिएको स्थानीय बताउँछन्। विशेषगरी चन्दा संकलनमार्फत पूजा समारोह सञ्चालन हुँदै आएकोमा यस पटक पर्याप्त सहयोग नजुट्ने चिन्ता बढेको समितिका पदाधिकारीको भनाइ छ।

जलेश्वरस्थित ऐतिहासिक जलेश्वरनाथ महादेव मन्दिर अगाडि निर्माण गरिएको दुर्गा मन्दिरमा श्री शिव तथा दुर्गा पूजा समारोह समितिद्वारा विगत ५० वर्षदेखि निरन्तर रूपमा दुर्गा पूजाको आयोजना हुँदै आएको छ। यस वर्ष स्वर्ण जयन्ती वर्षका रूपमा पूजालाई विशेष र ऐतिहासिक बनाउने तयारी गरिएको थियो। तर, जेनजी आन्दोलनपछि उत्पन्न आर्थिक मन्दी र जनस्तरमै देखिएको बेरोजगारीका कारण पूजाका लागि आवश्यक बजेट जुटाउन कठिन भएको समितिका अध्यक्ष जितेन्द्र साह बताउँछन्।

‘यो वर्ष धुमधामले स्वर्ण जयन्ती मनाउने योजना बनाएका थियौँ, तर आन्दोलन र त्यसपछिको आर्थिक संकटकै कारण सबै योजना विफल भए,’ उनले भने। अध्यक्ष साहका अनुसार अघिल्ला वर्षहरूमा पूजामा २० देखि २५ लाख रुपैयाँसम्म खर्च गरिँदै आएकोमा यसपटक ८ देखि १० लाखमै जेनतेन सम्पन्न गर्ने सोच छ। दुर्गा पूजाका अवसरमा भव्य मेला, झाँकी, सांस्कृतिक कार्यक्रम र भजन कीर्तनसमेत आयोजना गरिँदै आएको थियो, तर यस वर्ष ती कार्यक्रममा पनि कटौती गर्नुपर्ने अवस्था आएको अध्यक्ष साह बताउँछन्।

जलेश्वरकै अर्को प्रमुख पूजास्थल महेन्द्र चोकमा रहेको दुर्गा पूजा कमिटी जलेश्वरले २०५१ सालदेखि निरन्तर रूपमा दुर्गा पूजा आयोजना गर्दै आइरहेको छ। यस समितिले पनि अहिले आर्थिक संकटका कारण सजावट र साउन्ड सिस्टमजस्ता खर्चिलो पक्षहरूमा कटौती गर्ने निर्णय गरेको छ। कमिटीका अध्यक्ष शिवचन्द्र चौधरीले भने, ‘सजावटमा खर्च कटौती गरे पनि पूजाको धार्मिक भव्यता र गरिमामा भने कुनै कमी आउन दिँदैनौँ।’ यसअघि जलेश्वर नगरपालिका तथा स्थानीय व्यवसायीहरूबाट प्राप्त हुने चन्दा र आर्थिक सहयोग पूजाको मुख्य स्रोत हुने गरेकोमा यो वर्ष नगरपालिकाको सहयोग गर्ने/नगर्ने टुङ्गो नभएको स्थानीय समितिका पदाधिकारी बताउँछन्।

आन्दोलनपछि देशको आर्थिक अवस्था कमजोर हुँदा स्थानीय व्यापारी र उद्योगीहरू पनि चन्दा दिन नसक्ने अवस्थामा छन्। यसले गर्दा दुर्गा पूजास्थलहरू शंकर चोक, पिपरा, गौशाला, पर्सा, महोत्तरी गाउँमा समेत पूजामा देखिने भव्यतालाई लिएर अनिश्चितता देखिएको छ। यसरी आर्थिक संकटले पूजामा प्रत्यक्ष असर पारे पनि स्थानीय समितिहरू, स्वयंसेवक, युवा क्लबहरू भने पूजाको परम्परा जोगाइराख्न लागिपरेका छन। सीमित स्रोत–साधनमा पूजालाई सकभर भव्य बनाउन, धार्मिक भावना र समुदायको सहकार्यलाई जोड दिइएको छ। दसैँजस्तो पर्व केबल उत्सवमात्र होइन, सांस्कृतिक पहिचान र धार्मिक आस्थासँग गाँसिएको परम्परा हो। यो परम्परा जसरी पनि जोगाउनुपर्ने भन्दै केही समिति आफ्नै स्रोत–साधनबाट दुर्गा पूजा आयोजना गर्न प्रयासरत छन्।

# सडक स्तरोन्नतिको काम अवरुद्ध

**रवीन्द्र उप्रेती**

बर्दिबास, २ असोज। पूर्वपश्चिम राजमार्गअन्तर्गत कमला–बर्दीबास–बागमती सडक स्तरोन्नतिको काम जेनजी आन्दोलनका कारण अवरुद्ध छ। आन्दोलनको आडमा तोडफोड, आगजनी र सुरक्षा चुनौती बढेपछि निर्माण कार्य रोकिएको जनाइएको छ। काम ठप्प हुँदा ३०० बढी कामदार अलपत्र छन्। विश्व बैंकको १८ अर्ब ६० करोड रुपियाँ ऋण सहयोगमा निर्माणाधीन ७४.७५ किलोमिटर लम्बाइको यो सडक सन् २०२५ जनवरीमा सुरु भई सन ०२७ को जनवरीमा सम्पन्न गर्नुपर्ने भए पनि विभिन्न बाधा–अवरोधले आयोजना प्रभावित हुँदै आएको छ।

आयोजना प्रमुख छविलाल पौडेलका अनुसार हाल सडक खण्डमा पुल र कल्भर्ट निर्माणको काम भइरहेको थियो। अहिलेसम्म १० वटा कलभर्टको निर्माण सम्पन्न भइसकेको छ। १९ पुल र १२ कलर्भट नर्माण भइरहेको बेला आन्दोलन चर्केपछि कामदारको सुरक्षा र निर्माण उपकरण जोगाउन काम रोक्नु परेको जनाइएको छ। निर्माणाधीन अधिकांश पुलपुलेसा महोत्तरी र सर्लाहीको जंगली क्षेत्रमा पर्छन्। जेनजी आन्दोलन चर्केको मौकापारी निर्माण स्थल आसपासको टुटेश्वर र गढन्ताको साझेदारी वनमा हथियारधारी समुहले वन अध्यक्षलाई नियन्त्रणमा लिई व्यापक फडाँनी गरेको घटनाले पनि ठेकेदार कम्पनीलाई काम रोक्न दबाबमा पारेको हो ।

पौडेलका अनुसार आन्दोलनका कारण निर्माण कार्य मात्र नभई प्रशासनिक प्रक्रिया समेत प्रभावित छन्। सडक ‘राइट वे’ भित्र पर्ने रुख, विद्युत पोल तथा घरटहरा व्यवस्थापनको काम पनि स्थगित छ। आन्दोलनका कारण कमलादेखि बागमतीसम्मको सडक दायाँबायाँ पर्ने ८ हजार ४५२ वटा रुख हटाउने प्रक्रिया अन्तिम चरणमा पुगेर रोकिएको छ। रुखको गणना, प्रमाणीकरण, नम्बरिङ र टाँचा लगाउने काम सकिएको छ। अब प्रदेश वन निर्देशनालयको अनुगमनपछि डिभिजन वन कार्यालयबाट कटान आदेश जस्ता प्रक्रियागत काममा बाधा पुगेको छ।

## *विजय चौधरीको...*

नगरपालिकाले आंशिक रूपमा काम कारबाही थालिसकेको र आइतबारदेखि पूर्ण र“पमा सञ्चालनमा ल्याउने गरी काम भइरहेको मेयर चौधरीले जानकारी दिए।

# जेन–जी आन्दोलनका क्रममा सिरहामा निजी र सरकारीसहित चार दर्जनबढी भौतिक संरचनामा क्षति

लहान, २ असोज। जेन–जी आन्दोलनका क्रममा सिरहा जिल्लाका १७ वटै स्थानीय तहमा निजी र प्रहरीको सहित ५२ वटा भौतिक संरचनामा तोडफोड र आगजनी भएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाले संकलन गरेको प्रारम्भिक विवरणअनुसार सरकारी र निजी दुवै सम्पत्तिहरूमा पूर्ण, आंशिक र सामान्य रूपमा क्षति पुगेको छ। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार सिराहाको सिरहा, लहान, गोलबजार, मिर्चैया, कल्याणपुर, धनगढीमाई नगरपालिका र नरहा, विष्णुपुर, नवराजपुर, औरही, भगवानपुर, सखुवानन्कारकट्टी गाउँपालिका कार्यालयमा तोडफोड र आगजनी भएको छ।

त्यस्तै, कर्जन्हा नगरपालिकाको ७ र ८, कल्याणपुर ११, गोलबजार ६ र १२, गोलबजार स्वास्थ्य चौकी, औरहीको ४ र ५ नं. वडा कार्यालय र विष्णुपुरको १ नं. वडा कार्यालयमा तोडफोड र आगजनी भएको छ। ‘तोडफोड र आगजनीको क्रममा के कति भौतिक क्षति भयो, कार्यालयमा रहेका उपकरण, फर्निचर क्षतिको मूल्यांकन हुँदै छ,’ उनले भने।

**१४ सरकारी कार्यालय र १३ प्रहरी युनिटमा क्षति**

उनका अनुसार २४ भदौको प्रदर्शनको क्रममा जिल्लाको मुख्य व्यापारिक क्षेत्र मानिने लहानमा रहेका १० सरकारी कार्यालय संस्थान, जिल्ला सदरमुकामस्थित चार कार्यालय र जिल्लाका विभिन्न १३ प्रहरी युनिटमा आगजनी तथा तोडफोड लुटपाट भएको छ। सिरहा जिल्ला अदालत, नापी कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, शिक्षा विकास तथा समन्वय एकाइ र लहानस्थित इलाका प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजस्व कार्यालय, डिभिजन वन कार्यालय, यातायात व्यवस्था कार्यालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, नापी कार्यालय, मालपोत कार्यालयमा तोडफोड तथा आगजनी भएको छ। खाद्यको चारवटा गोदाममा विभिन्न जिल्लामा पठाउन राखिएका १० करोड ९१ लाख रुपैयाँ बढी मूल्यको चामल, चिनी, धानसमेत लुटपाट भएको प्रहीले जनाएको छ।

**छोडिएनन् प्रहरी युनिट पनि**

प्रदर्शनकारीको समूहले आन्दोलनको नाममा जिल्ला ट्राफिक प्रहरी कार्यालय लहान, इलाका प्रहरी कार्यालय गोलबजार, विष्णपुर, वडा प्रहरी कार्यालय सिरहा र जिल्ला प्रहरी कार्यालय सिरहाको प्रहरी बिटमा आगजनी तथा तोडफोड गरेको छ। प्रदर्शनकारीको समूहले इलाका प्रहरी कार्यालय लहान, मिर्चैया, कल्याणपुर, बरियारपट्टि, झाँझपट्टिको प्रहरी बिट तथा प्रहरी चौकी औरही र हर्कट्टीमा तोडफोड गरेको थियो। त्यसक्रममा प्रहरी चौकी हरकट्टी र औहरीको मोटोरोला ह्यान्डसेटको ब्याट्री र चार्जरमा आंशिक क्षति पुगेको छ भने जिल्लाका विभिन्न प्रहरी युनिटमा प्रहरीले प्रयोग गर्ने सामग्रीहरू फुल गियर १६ थान, सिल्ड ३८ थान, हेल्मेट ३६ थान, लाठी ६५ थान र बडी प्रोटेक्टर पाँच थान गरी १६० थान तोडफोडमा क्षति भएको छ। प्रहरीले प्रयोग गरिरहेका पाँचवटा सरकारी मोटरसाइकल तथा चार थान चारपांग्रे सवारीसाधनमा क्षति पुगेको छ। प्रहरीले प्रयोग गर्दै आएका निजी ११ थान मोटरसाइकल तोडफोड र तीनवटा आगजनी भएको प्रहरीले जनाएको छ।

**निशानामा नेता, मन्त्रीको घर**

प्रदर्शनको क्रममा निजी सम्पत्ति, व्यक्तिको घरसमेत निशानामा परेका छन्। गोलबजार नगरपालिका– ७ चोहर्वा घर भएका नेकपा एमालेको नेता तथा पूर्वमन्त्री लीलानाथ श्रेष्ठ, गोलबजार नगरपालिका प्रमुख श्याम श्रेष्ठ, धनगढीमाई नगर प्रमुख शिवशंकर महतोको निजी घरसमेत प्रदर्शनकारीको निशानामा परे। प्रदर्शनकारीको समूहले गोलबजार ६ का वडाध्यक्ष सञ्जीव लामाका निजी सम्पत्ति तोडफोड र आगजनी गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार २४ भदौको प्रदर्शनमा जिल्लाका विभिन्न प्रहरी युनिटबाट ड्युटीमा खटिएका नौजना प्रहरी सामान्य रूपमा घाइते भएका छन्। अन्य जिल्लामा रहेका कारागारबाट कैदी बन्दी फरार भएको भए पनि सिरहा कारागार भने सकुशल रहेको र आन्दोलनको क्रममा भएको क्षतिको विवरण संकलन कार्य जारी रहेको जनाइएको छ।

# जनमतका वरिष्ठ उपाध्यक्षसहित ६ जनाको राजीनामा : नेतृत्वले अहंकार देखाएको गुनासो



काठमाडौं, २ असोज । जनमत पार्टीका वरिष्ठ उपाध्यक्ष अब्दुल खानसहित छ जनाले सामूहिक राजीनामा दिनुभएको छ । नेतृत्व परिवर्तनको माग पूरा नभएको भन्दै पार्टीका उपाध्यक्ष खान, केन्द्रीय प्रवक्ता डा. शरदसिंह यादव, केन्द्रीय संयोजक कुमार यादव, सिके सिंह, वरिष्ठ प्रदेश इञ्चार्ज (सुदूरपश्चिम प्रदेश) राजाराम चौधरी र केन्द्रीय सदस्य विक्रमबहादुर बमले सामूहिक राजीनामा दिनुभएको हो । उहाँहरुले हिजो पार्टी अध्यक्ष डा. चन्द्रकान्त राउत र संगठन विभाग डा. जयकान्त राउतको २४ घण्टाभित्र स्वेच्छिक राजीनामाको माग गर्नुभएको थियो । माग पूरा नभएपछि पार्टीको साधारण सदस्यसमेत नरहने गरी सामूहिक राजीनामा दिएको प्रवक्ता यादवले जानकारी दिनुभयो ।

संयुक्त राजिनामापत्रमा देशको विषम परिस्थितिमा पार्टीको प्रमुख नेतृत्वलाई आत्मआलोचना गरी नेतृत्व परिवर्तनको निम्ति अल्टिमेटम दिदा अपहेलना गरी अङ्हकारको भाषामा आफ्नो आधिकारीक फेसबुकमार्फत धारणा सार्वजनिक गरेकाले आजैको मितिदेखि साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट राजीनामा दिएको उल्लेख छ । यसैबीच मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहलाई कारबाही गर्न संसदीय दलले पार्टीमा सिफारिस गरेको छ । अनुशासन पालना नगरेकोले कारबाही गर्न आज पार्टीमा सिफारिस गरेको जनमत पार्टीको मधेश प्रदेश संसदीय दलका नेता महे प्रसाद यादवले जानकारी दिनुभयो ।

जेन जी आन्दोलनको दोस्रो दिन फेसबुकमार्फत राजिनामा घोषणा गरेका मुख्यमन्त्री सिंहले औपचारिक राजीनामा नदिएको विषयमा पार्टीले २४ घण्टे स्पष्टीकरणसमेत माग गरेको थियो । सिंहले राजिनामा घोषणा गरेपनि प्रदेशसभा विघटन नभएपछि पद नछोड्ने अडान लिनुभएको छ । पार्टीको पत्र अनुसार जनमत पार्टीबाट वन तथा वातावरण मन्त्री रहेका सञ्जय यादव र उद्योग, वाणज्यि तथा पर्यटनमन्त्री वसन्त कुशवाहाले राजीनामा दिइसक्नुभएको छ ।



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## सिरहामा 'आफ्नो ...

पनि कमाउने अवसर ठान्लान्,' उनले भने, 'तर, यसमा हाम्रो पूर्ण निगरानी रहनेछ, राम्रो गर्नेलाई हरेक प्रकारको साथ हुन्छ, नराम्रो गर्नेलाई कारबाही हुन्छ ।'

प्रजिअ अधिकारले व्यक्तिगत तथा राजनीति रिसइबीका आधारमा भएको आक्रमण घटनाहरूको अनुसन्धान भइरहेको र संलग्नलाई कारबाहीको दायरामा ल्याइने पनि बताए । अनुगमन टोलीमा प्रमुख जिल्ला अधिकारीसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेना गरी चारवटै सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मीलगायत थिए ।

# वन डिभिजन कार्यालयमा एक करोड ७१ लाखभन्दा बढीको क्षति




**विनय कर्ण**

सप्तरी, २ असोज । जेनजी प्रदर्शनका क्रममा भएको तोडफोड, आगजनी र लुटपाटबाट वन डिभिजन कार्यालय सप्तरी राजविराजमा ठुलो क्षति भएको छ । भदौ २४ गते जेनजीले गरेको प्रदर्शनको क्रममा भएको तोडफोड, आगजनी र लुटपाटबाट कार्यालयको भवनसहित कागजात र जिन्सी सामान जलेर नष्ट हुँदा ठुलो क्षति भएको हो । आगजनी, तोडफोड र लुटपाटबाट एक करोड ७१ लाख ८१ हजार नौ सय ४० रुपियाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको वन डिभिजन कार्यालयका प्रमुख सुभाषचन्द्र दासले जानकारी दिनुभयो ।

उहाँले ७० लाख रुपियाँ बराबरको भवन पूर्ण रुपमा जीर्ण बनेको र त्यस ठाउँमा कार्यालय सञ्चालन गर्ने अवस्था समेत नरहेको बताउनुभयो । "करिब ७० लाख बराबरको कार्यालयको भवन मात्र जीर्ण बनेको छ, कम्प्युटर, ल्यापटप, अग्नि नियन्त्रणका उपकरण एयर ब्लोवर, जिपिएस सेट, प्रोजेक्टर, सीसी क्यामेरा, एसी, सोफा, दराज, टेबल–कुर्सीलगायतका सामग्री नष्ट हुनुका साथै लुटेर पनि लगिएको छ ।" डिभिजन प्रमुख दासले भन्नुभयो । प्रदर्शनकै क्रममा कार्यालय भवनमा आगजनी हुँदा अधिकांश सामग्रीका साथै कार्यालयमा रहेका कागजात पनि जलेर नष्ट भएको छ ।

कार्यालय पूरै जीर्ण अवस्थामा पुगेकोले तत्काल कामकाज सञ्चालनमा समस्या भएको हुँदा हाल राजविराज – ८ स्थित पहिलाको भूसंरक्षण कार्यालयबाट सेवा प्रवाह गर्ने गरी तयारी भइरहेको दासले बताउनुभयो । "तीन–चार दिनभित्र नयाँ स्थानबाट नियमित सेवा सुरु गरिने गरी काम थालेका छौं ।" दासले भन्नुभयो । लुटेर लगिएका सामानहरु फिर्ता गर्न सार्वजनिक सूचना जारी गरेपछि तीन वटा आगो निभाउने जेट सुटर र एक थान जिपिएस प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलको रोहबरमा फिर्ता आएको र अझै चोरी भएका सामग्री भने फिर्ता हुन नसकेको दासले बताउनुभयो ।

जेनजी आन्दोलनका क्रममा राजविराज स्थित बढी क्षति पुगेको कार्यालयहरु मध्ये वन डिभिजन पनि बढी प्रभावित रहेको बताइएको छ ।

# सैनिक ब्यारेकबाट फर्किए ओली

काठमाडौं, २ असोज । नेकपा एमालेका अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली सैनिक ब्यारेकबाट फर्किएका छन् । जेनजी प्रदर्शनका क्रममा उनलाई नेपाली सेनाले सुरक्षाका निम्ति नियन्त्रणमा लिएको थियो । प्रधानमन्त्री पदबाट राजीनामा दिएर गत २४ भदौदेखि सैनिक ब्यारेकमा बस्दै आएका ओली बाहिर आएका हुन् । सुरक्षा स्रोतका अनुसार ओली भक्तपुरको गुण्डु सरेका छन् । त्यहाँ उनका निम्ति भाडाको घर लिइएको छ । बालकोटस्थित ओलीको घर भने प्रदर्शनकारीले जलाएका छन् । बालकोटको घर जलेकाले ओली गुण्डु सरेका हुन् । ओलीलाई यहाँ ल्याउने पहल एमाले पोलिब्युरो सदस्य महेश बस्नेतले गरेका हुन् । बस्नेतले ओलीलाई भव्य कार्यक्रम मार्फत् सार्वजनिक गरिने सार्वजनिक बक्तव्य नै दिएका छन् ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट** : **मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)